# मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना(सञ्चालन) कार्यविधि, २०७५

प्रस्तावनाः प्रदेश नं. १, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई व्यवस्थित र योजनाबद्ध ढंगले अगाडि बढाई प्रदेश भित्रका ग्रामीण सडकहरुको स्तरोन्नति गरी जनतालाई सहज आवागमन गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि स्वीकृत गरी लागू गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) कार्यविधि २०७५" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-,

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधिबमोजिम सञ्चालन हुने मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजनाअन्तर्गत सञ्चालन गरिने सडक निर्माण, विस्तार वा स्तरोन्नति गर्ने योजना सम्झनु पर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश नं. १, प्रदेश सरकारको सडक यातायातसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा २१४ बमोजिमको अधिकार प्रयोग गर्ने स्थानीय तह सम्झनु पर्छ ।

(ङ) "संघ संस्था" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेका सामुदायिक संस्था, सहकारी संस्था, उपभोक्ता संस्था, उपभोक्ता समिति, विकास समिति सम्झनु पर्छ ।

३. ग्रामीण सडक सुधार कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्थाः (१) प्रदेश भित्रका पहिलो हुने प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रको एक निर्वाचन क्षेत्रमा झापा, मोरङ्ग र सुनसरी जिल्लामा कम्तीमा एउटा र अन्य जिल्लाहरुमा कम्तीमा दुईवटा मुख्यमन्त्री ग्रामिण सडक सुधार कार्यक्रम संचालन गरिनेछ ।



Scanned by CamScanner

(२) उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्दा हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्रलाई वर्गिकृत गरी सोही आधारमा बजेट विनियोजनको अनुपात निर्धारण गरी कार्यक्रम संचालन गरिनेछ ।

(३) ग्रामीण सडक सुधारका कार्यक्रमका निमित्त सडक छनौट गर्दा देहायका सडकलाई प्राथमिकता दिईनेछः-

(क) मुख्य सहरी क्षेत्र भन्दा बाहिरका ट्रयाक खोली सकेका सडक,

(ख) परम्परादेखि चलनचल्तिमा रहेका ग्रामीण क्षेत्रका मुख्य सडक,

(ग) ग्रामीण क्षेत्रलाई गाँउपालिका/नगरपालिकाको केन्द्र वा जिल्ला सदरमुकामसँग जोड्ने सडक,

(घ) एक भन्दा बढी प्रदेश सभा निर्वाचन क्षेत्र जोडिने सडक,

(ङ) उत्पादित कृषिजन्य वस्तुहरु बजारसम्म बिक्री गर्न सहज हुने सडक,

(च) ग्रामीण भेगलाई मुख्य केन्द्रीय राजमार्ग वा सहायक राजमार्गसँग जोड्ने सडक,

(छ) पर्यटन विकासमा सहयोग पुग्ने ग्रामीण सडक,

(ज) कृषि क्षेत्रको प्रवर्द्धनमा सहयोग पुग्ने सडक,

(झ) सबैभन्दा बढी लागत साझेदारी भएका सडक ।

४. साझेदारीमा योजना संचालन गरिने : (१) मुख्यमन्त्री ग्रामीण सडक सुधार कार्यक्रम साझेदारीमा संचालन गरिनेछ ।

(२) मुख्यमन्त्री ग्रामीण सडक सुधार कार्यक्रम मन्त्रालय वा स्थानीय तह र दफा २(ङ) बमोजिमको संघ संस्थावीचको साझेदारीमा स्थानीय तहको अनिवार्य सहभागिता हुने गरि संचालन गरिनेछ ।

५. योजना छनौट प्रकृया : (१) स्थानीय तहबाट ग्रामीण सडक सुधार योजनाको छनौट गर्दा देहाय वमोजिम प्रकृया अपनाउनु पर्नेछः-

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं. १ विराटनगर, नेपाल

प्रमुख सचिव

Scanned by CamScanner

(क) प्रत्येक गाँउपालिका वा नगरपालिकाले दफा ३ को उपदफा (३) को खण्ड (क) देखि (झ) सम्मका बुँदाका आधारमा आफ्नो क्षेत्रभित्रका ग्रामीण सडकको स्तरोन्नति वा कालोपत्रे गर्नु पर्ने भए त्यस्ता सडक छनौट गरी तीन वटा सडकको नाम प्रत्येक वर्षको श्रावण मसान्त भित्रमा मन्त्रालयमा पठाउनु पर्नेछ र त्यस्तो तीन वटा योजना छनौट गर्नु पूर्व स्थानीय तहले योजना सञ्चालन हुने क्षेत्रको पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित प्रदेश सभा सदस्यको राय समेत लिनु पर्नेछ ।

तर राय प्राप्त नभएमा पनि योजना छनौटमा कुनै बाधा पर्ने छैन ।

(ख) आर्थिक वर्ष २०७५/०७६ को हकमा भने मन्त्रालयले प्रकाशित गरेको सूचना बमोजिमको समयभित्र मन्त्रालयमा योजना छनौट गरी पठाउनु पर्नेछ ।

(ग) प्रत्येक गाँउपालिका वा नगरपालिकाले त्यस्तो स्तरोन्नति वा कालोपत्रे गर्नु पर्ने सडकमा सम्बन्धित गाँउपालिका वा नगरपालिकाले आफ्नो तर्फबाट न्यूनतम बीस प्रतिशत लगानी गर्ने रकमसमेत अनिवार्यरुपमा उल्लेख गर्नु पर्नेछ ।

(घ) सडकको विवरण पठाउने गाँउपालिका वा नगरपालिकाले सो सडकमा सुधार वा स्तरोन्नति गर्दा प्राप्त हुने प्रतिफल र स्तरोन्नति वा निर्माणको अनुमानित लागत र अवधिसमेत खुलाउनु पर्नेछ ।

(ङ) सडकको विवरण पठाउने गाँउपालिका वा नगरपालिकाले स्तरोन्नति वा निर्माणको अनुमानित लागतमध्ये साझेदार स्थानीय तह, संघ संस्था वा मन्त्रालयले लगानी गर्ने रकम र प्रदेश सरकारले लगानी गर्ने रकमसमेत खुलाई योजना छनोट गर्नुपर्नेछ ।

(२) संघ संस्थाले ग्रामीण सडक सुधार कार्यक्रममा देहायवमोजिम सहभागी हुन पाउने छन्:-

प्रमुख सचिव



Scanned by CamScanner

(क) दफा २ को (ङ) बमोजिमको संघसंस्थाले ग्रामीण सडक सुधार कार्यक्रममा साझेदारी जनाउन संस्थाको निर्णयसमेत संलग्न गरी स्थानीय तह वा मन्त्रालय को सँग साझेदारी गर्ने हो सोही कार्यालय वा मन्त्रालयसमक्ष बैशाख १५ भित्र आवेदन दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको आवेदन दिदा, संस्थाको नवीकरणको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन र लगानी गर्न सकिने अनुमानित रकम र योजनामा साझेदारी गर्न ईच्छा गर्नुको कारण र उद्देश्यसमेत खुलाउनु पर्नेछ ।

(ग) उपदफा (३) को खण्ड (क) र (ख) बमोजिमको कार्य गर्दा सम्भव भएसम्म योजना कार्यान्वयन गरिने क्षेत्रको पहिलो हुने निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित प्रदेश सभा सदस्यको सिफारिससमेत संलग्न गर्नु पर्नेछ ।

६. कार्यक्रम स्वीकृत समितिः (१) दफा ३, ४ र ५ बमोजिम छनौट भई आएका सडकहरुको निर्माण र स्तरोउन्नती कार्यक्रम छनौट गरी र यस कार्यविधिबमोजिम अन्य कार्य गर्न देहाय बमोजिमको एक समिति रहनेछ र त्यस्तो समितिले सम्बन्धित विभागीय मन्त्रीसंगको परामर्श र निर्देशनमा रही आफ्नो कार्य सम्पादन गर्नेछः-

(क) सचिव, प्रदेश सरकारको सडक तथा यातायातसँग सम्बन्धित मन्त्रालय -संयोजक

(ख) निर्देशक, यातायात तथा सडक निर्देशनालय -सदस्य

(ग) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय -सदस्य

(घ) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) मन्त्रालयको सडक हेर्ने माहाशाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले यस कार्यविधि बमोजिम भएका कार्यक्रम मध्ये प्रत्येक वर्षको भाद्र मसान्तभित्र कार्यक्रम छनौट एवं स्वीकृत गरी सम्बन्धित स्थानीय तह वा संघ संस्थालाई आवश्यक शर्तहरु समेत उल्लेख गरी जानकारी गराउनु पर्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

आर्थिक वर्ष २०७५/०७६ को हकमा मन्त्रालयको निर्णय बमोजिमको अवधिमा कार्यक्रम छनौट एवं स्वीकृत गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी पाएको एक्काईस दिनभित्र सम्बन्धित स्थानीय तह वा संघ संस्थाले मन्त्रालयमा कार्यक्रम सञ्चालन गर्न सहमत रहेको जानकारी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सहमति प्राप्त भएपछि मन्त्रालयले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउनुपर्नेछ र आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रत्येक कार्यक्रमको लागि उपलब्ध गराउने रकम सम्बन्धित मन्त्रालयलाई एकमुष्ठ सशर्त अनुदानको रुपमा पठाउनेछ ।

(५) मन्त्रालयले कार्यक्रमकको रकम प्राप्त भएपछि प्रत्येक वर्षको लागि तीन किस्तामा रकम विभाजन गरी पहिलो किस्ता सम्बन्धित कार्यालयलाई मंसिर महिनाभित्र उपलब्ध गराउनेछ ।

तर, आ. व. २०७५/७६ को हकमा भने मन्त्रालयले तोकेको समयमा सम्बन्धित मन्त्रालयका मातहतका कार्यालयमा पठाईनेछ ।

७. बैंक खाता संचालन सम्बन्धीः (१) दफा ६ को उपदफा (४) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त हुने सशर्त अनुदानको रकमलाई मन्त्रालयले एक छुट्टै बैंक खाता खोली उक्त खातामा जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खातामा सम्बन्धित स्थानीय तहले कार्यक्रम बापत जम्मा गर्नुपर्ने कूल रकमको २० प्रतिशत रकमसमेत जम्मा गर्नुपर्नेछ ।

८. ग्रामीण सडक सुधार कार्यक्रम स्वीकृत गर्ने प्रकृयाः (१) ग्रामीण सडक सुधारको लागि दफा ६ बमोजिमको समितिले देहाय बमोजिम छनौट गरी स्वीकृत गर्नेछः-

(क) गाँउपालिका वा नगरपालिकाबाट छनौट भई सिफारिस भई आएको वा संघ संस्थाले माग गरेका वा मन्त्रालयले छनौट गरेको सडकहरुमध्ये सबै भन्दा उपयुक्त र सबै भन्दा बढी प्रतिफल दिने सडकको छनौट गर्नु पर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल



प्रमुख सचिव

Scanned by CamScanner

(ख) गाँउपालिका वा नगरपालिका वा अन्य संघ संस्था मध्ये बढी लागत सहभागिता जनाउने सडकलाई प्राथमिकता दिनु पर्नेछ ।

(ग) कार्यक्रम एक वर्षीय वा बहुवर्षीय दुवै हुनेछ ।

९. प्रदेश सरकार आफैले कार्यक्रम छनौट गर्न सक्ने: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक वा सो भन्दा बढी स्थानीय तहको क्षेत्रमा सञ्चालन गर्ने, गरिने कार्यक्रम प्रदेश सरकार आफैले योजना छनौट गरी सम्बन्धित स्थानीय तह वा अन्य संस्थाको साझेदारी एकिन गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी अन्य प्रकृया दफा ६ बमोजिमको समितिको निर्णयअनुसार हुनेछ ।

१०. योजना सञ्चालन सम्बन्धी अन्य व्यवस्था: योजना सञ्चालन देहायबमोजिम हुनेछ:-

(१) दफा ६ को उपदफा (५) बमोजिम पहिलो किस्ता रकम प्राप्त भएपछि उपभोक्ता समितिमार्फत कार्यक्रम सञ्चालन गर्ने भए प्रचलित कानून बमोजिम तीस दिनभित्र उपभोक्ता समिति गठन गरी लागत इस्टिमेट तयार गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्नेछ र ठेक्का बन्दोवस्त गर्नु पर्ने भएमा सोको जानकारी भएको मितिले तीस दिन भित्र ठेक्काको सूचना प्रकाशित गरी प्रचलित कानूनबमोजिम ठेकेदारसँग सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य पूरा गरेपछि कार्यक्रमको पचास प्रतिशत काम सम्पन्न भएपछि दोश्रो किस्ता रकम सम्बन्धित कार्यालयले मन्त्रालयसँग माग गर्नु पर्नेछ र मन्त्रालयले आवश्यक जाँचबुझ गरी दोस्रो किस्ताको रकम सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराउनेछ ।

(३) तोकिएको समयमा कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको सम्पूर्ण कामको मुल्याङ्कन गरी स्थानीय अनुगमन समितिको प्रतिवेदन र जाँचपास समितिको निर्णय सहित सम्वन्धित कार्यालयले मन्त्रालयमा अन्तिम किस्ता रकम माग गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निर्णय र प्रतिवेदनको अध्ययन गरी तथा आवश्यकताअनुसार मन्त्रालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुगमन

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं.-१ विराटनगर, नेपाल

६

प्रमुख सचिव

Scanned by CamScanner

समेत गरी प्राप्त प्रतिवेदनको आधारमा मन्त्रालयले अन्तिम किस्ताको रकम भुक्तानी गर्नेछ ।

(५) उपदफा (१) देखि (४) सम्म जुनसुकै कुरा लेखिएको भएतापनि दफा ९ बमोजिम संचालन गरिने योजनाको स्वीकृत सम्झौता वा कार्यक्रम संचालन भुक्तानी फरफारक सम्बन्धी व्यवस्था मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ ।

(७) कार्यक्रम सञ्चालन भइरहेको स्थानको अनुगमन गरी आवश्यक निर्देशन दिन र कुनै समस्या वा अनियमिता भेटिए तत्काल कार्यक्रम सञ्चालनमा रोक लगाउन वा प्रचलित कानूनबमोजिम कारवाही गर्न सक्ने अधिकार मन्त्रालय र दफा ६ बमोजिमको समितिसँग रहनेछ।

११. <u>अनुगमन सम्बन्धी अन्य व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने योजना कार्यक्रमको अवस्था, गुणस्तर आदिको सम्बन्धमा सम्बन्धित क्षेत्रका प्रदेश सभाका सदस्यले अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत अनुगमन गर्न सक्नेछ ।

१२. <u>अन्य आवश्यक कार्यः</u> यस कार्यविधिबमोजिम सञ्चालन हुने कार्यक्रमको सम्बन्धमा जग्गा अधिग्रहण वा मुआब्जा वा अन्य कुनै पनि विषयका सम्बन्धमा प्रदेश सरकारले प्रचलित कानूनबमोजिम आवश्यक कार्य गर्न सक्नेछ ।

१३. <u>निर्देशन जारी गर्न सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक मापदण्ड स्वीकृत गरी लागू गर्न आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

१४. <u>कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्थाः</u> (१) कार्यक्रम सञ्चालन गर्दा कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानून र यस कार्यविधिको दफा ६ बमोजिम गठन हुने समितिको निर्णय बमोजिम हुनेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव



Scanned by CamScanner